Funded by
the European Union

# न्यूजलेटर

अंक ५ | डिसेम्बर २०२१



# सुशासनमा नागरिक सहभागिता कार्यक्रम

Dalit Development Society (DDS) 2058 Sahutol, Salyan

CDWN

INDIVIDUALL MÄNNISKOHJÄLP
SWEDISH DEVELOPMENT PARTNER

Terre des hommes
Helping children worldwide.

# परियोजनाको बारेमा

*सुशासनमा नागरिक सहभागिता कार्यक्रमले स्थानीय र प्रादेशिक सरकारको सुशासनमा नागरिकको सहभागितालाई अभिवृद्धि गर्नका लागि कर्णाली प्रदेशको ३ जिल्लाहरू जाजरकोट, कालिकोट र सल्यानका १२ वटा पालिकाहरूमा काम गर्दछ । यूरोपियन यूनियनको आर्थिक सहयोगमा यो परियोजना सन् २०१९ देखि पाँच वटा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको कर्न्सोटियममा संचालित छ ।*

*यो परियोजनाको समयावधि चार वर्ष रहेको छ र कूल बजेट रु. १२ करोड ६४ लाख (१,१०८,८९० यूरो) रहेको छ । सहकर्मी समाज, कोहलपुर, बाँकेले यो परियोजनाको नेतृत्व गर्दछ भने जाजरकोट र कालिकोट जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने काम पनि गर्दछ ।*

*दलित विकास समाजले सल्यान जिल्लामा कार्यक्रम कार्यान्वयन गर्ने काम गर्दछ। दलित महिला केन्द्र नेपालले लैगिंक उत्तरदायी र समावेशी योजना निर्माण, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन सम्बन्धि परियोजना संचालित पालिकाहरूमा स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्ने काम गर्दछ। आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनरले कर्न्सोटियम सदस्यहरूलाई मानवअधिकारमूखि पद्धति, लैगिंक समानता र सामाजिक समावेशीकरण, शिक्षा र कृषि सम्बन्धि विषयगत सहयोग र द्वन्द्व संवेदनशिलता तथा वातावरण सम्बन्धि मुद्दालाई परियोजनामा मूलप्रवाहीकरण गर्न क्षमता विकास तथा सहयोग गर्दछ ।*

*तेर दे जोमूले स्वास्थ्य, खानेपानी तथा सरसफाई र यूवा सम्बन्धि विषयगत क्षेत्रहरूमा कर्न्सोटियम सदस्यहरूलाई क्षमता विकास तथा सुशासनको लागि पालिकाहरूमा सुचना प्रविधिको स्थापना र विस्तार सम्बन्धि कार्यक्रम पनि कार्यान्वयन गर्ने गर्दछ । आई.एम. स्विडिस डेभलपमेन्ट पार्टनर र तेर दे जोमूले परियोजनाको कुल बजेटमा ५-५ % को-लगानी पनि गर्दछ ।*

**नेतृत्वः सहकर्मी समाज**

ठेगाना : कोहलपुर नगरपालिका-१० बाँके
फोन नं : +९७७-८१-५४००९९/५४०९९९
वेवसाईटः sahakarmi.org.np
ईमेल : info.kohalpur@sahakarmi.org.np

**सह–नेतृत्व : दलित विकास समाज**

ठेगाना : शारदा नगरपालिका-४, सल्यान
फोन नं : +९७७-०८८-५२००५१/४०७
वेवसाईटः ddssalyan.org.np
ईमेल : ddssalyan@gmail.com

**सह–नेतृत्व : दलित महिला केन्द्र नेपाल**

ठेगाना : नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं : +९७७-०१-४४२५६९४
वेवसाईटः cdwn.org
ईमेल : info@cdwn.org

**सह–नेतृत्व : आईएम स्विडिस डेभलपमेन्ट पार्टनर**

ठेगाना : बखुण्डोल-३, ललितपुर
फोन नं. : +९७७-०१-५४५१४१९
वेवसाईटः imsweden.org

**सह–नेतृत्व : तेर दे जोम् (टि.डि.एच्.)**

ठेगाना : ब्लू वर्ड कमप्लेक्स-काठमाण्डौ
फोन नं. : +९७७-०१-४१००६२२
वेवसाईटः tdh.ch/en/our-interventions/nepal

# परियोजनाको कार्यक्षेत्र
## (Working areas of the project)




### जिल्ला तथा पालिकाहरु:

**जाजरकोट** : भेरी, शिवालय, जुनीचाँदे र छेड्गाड पालिकाहरू
**कालिकोट** : खाँडाचक्र, नरहरिनाथ र सान्नीत्रिवेणी पालिकाहरू
**सल्यान** : सिद्धकुमाख, कपुरकोट, त्रिवेणी, कालिमाटी र दार्मा पालिकाहरू

# परिवर्तनका कथाहरू

## पारदर्शी र अनुशासित महिला नेतृत्व



समुदायमा बनेको कुलो निर्माण सम्बन्धि उपभोक्ता समितिमा महिलाहरुले नेतृत्व लिदा समयमै योजना सम्पन्न, आर्थिक पारदर्शिता र महिलाको अधिकार सुनिश्चित भएको र नेतृत्व लिन आत्मबल बढाएको छ।

सहकर्मी समाजको सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तरगत २०७६ सालमा नरहरिनाथ गाउँपालिका वडा नं. ३ कुमाल गाउँमा न्यू मालिका समूह गठन भएको हो। समूहमा २७ महिला र २ पुरुष गरी २९ जना सदस्य रहेका छन्। समूहकी अध्यक्ष अम्सरा बुढा समूह बैठकमा स्थानिय समस्याहरुको बारेमा छलफल गर्ने र समाधानका उपाय पत्ता लगाई योजना बनाई काम गर्ने गरेको कुरा बताउनु हुन्छ।

समूहमा कृषि र खानेपानी सम्बन्धि उपसमिति गठन गरेको र सम्बन्धित क्षेत्रमा भए गरेका गतिविधिहरुबारे जानकारी दिन प्राप्त सुचनाहरु समूहका अन्य सदस्यहरुलाई पनि बताउने गरेकोले सदस्यहरुको क्षमता विकास भएको एवं सेवा सुविधाहरु माथि पहुँच बढेको कुरा बताउनुहुन्छ।

अम्सरा भन्नुहुन्छ -गत सालको बाढीपहिरोले गाउँको खेति योग्य जमिनको सिँचाई कूलो बगाएर लगेको थियो, जसले उत्पादनमा कमि आएको थियो। गाउँ कार्यपालिकाको निर्णय अनुसार बाढीपहिरोले भत्किएको सबै भौतिक संरचना निर्माण गर्नको लागि क्षति अनुसारको बजेट बिनियोजन गरेको कुरा हामीलाई थाहा भयो।

४ लाखको घट्टेखोला देखि कूमालगाउँसम्मको सिँचाई कूलो निर्माण गर्न बजेट छुट्याइएको थियो। उक्त विषयमा समूहमा छलफल चलायौ र समूहको अगुवाईमा महिलाहरुको नेतृत्वमा (अध्यक्ष, सचिव र कोषाध्यक्ष) उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो। उपभोक्ता समिति गठन प्रक्रियामा गाउँमा जहिले पनि महिलाहरुलाई उचित स्थान नदिने पुरुषहरुको हाली मुहाली हुने, समयमै योजना सम्पन्न नहुने, आर्थिक पारदर्शिता नहुने र गुणस्तरीय काम नभएको अवस्थामा हामीहरुले दावि गरेको पदमा गाउँका पुरुषहरुले विरोध जनाए।

हामीहरु हाम्रो निर्णयमा अडिग बन्यौ। नियमित पुरुषहरुसँगको छलफल र बहस पश्चात छलफलमा सहभागि गाउँका केहि

बुद्धिजीवि, कर्मचारी र समाजसेविहरुले महिलाहरुलाई पनि अगाडी बढ्न मौका दिनुपर्दछ र सकिन्छ भने महिलाहरुको मात्रै उपभोक्ता समिति गठन गरी काम गर्ने अभ्यास गरौ भन्ने ठूलो बहस छलफलबाट महिलाहरुको मात्रै उपभोक्ता समिति गठन गर्ने सहमति भयो । समूहका सदस्य अप्सरा बुढाको अध्यक्षतामा गौकूलो उपभोक्ता समिति गठन भयो जसमा कोषाध्यक्ष, सचिव र अन्य सदस्यहरु सबै महिलाहरु नै थिए ।

अम्सरा भन्नुहुन्छ- कूलोको आवश्यक सामान खरिद तथा ढुंगा बालुवा सबैको जुगाड हामी आफैले गऱ्यौ । काममा मतभेद नहोस भनि समान कामका लागि समान ज्याला निर्धारण गऱ्यौ । महिला पुरुष दुबैलाई प्रतिदिन काम गरेबापत ५०० का दरले ज्याला दिने निर्णय गऱ्यौ । बैशाख दोस्रो साता देखि कामको थालनी भयो र जेठ मसान्तसम्ममा योजनाको काम सम्पन्न गरियो ।

असार पहिलो साता योजनाको सार्वजनिक सुनुवाई गरि आर्थिक पारदर्शिता र सुशासनलाई पनि कायम गरियो । अम्सरा भन्नुहुन्छ -कूलो निर्माणबाट बचेको ६ हजार रुपैया मर्मत सम्भार गर्न भनि कोषमा राखेका छौं । काम गर्ने क्रममा थुप्रै अनुभव, ज्ञान हासिल भयो जसले गर्दा आगामी दिनहरुमा पनि काम गर्न सजिलो भएको छ, महिलाहरुमा नेतृत्व गर्ने क्षमता विकास भएको छ ।

कूलो निर्माण भएपछि गाउँका ८१ घरपरिवारलाई सिँचाई गर्न सहज भएको छ । हरियो सागपात, अन्य तरकारी खेति गर्न, हिउँदे बालिमा पानी लगाउन र वर्षातको धान खेति गर्न किसानहरुलाई फाइदा भएको छ । गाउँमा महिलाहरुको नेतृत्वमा निर्माण गरिएको कूलो भनेर सबैको घर घरमा चर्चा भई राखेको छ ।

वडा अध्यक्ष टक्क विष्ट भन्नुहुन्छ -" वडामा समुदाय स्तरमा गठन भएका १९ वटा उपभोक्ता समितिका मुख्य पदहरुमा पुरुष नै बढि रहे तर काममा भने ढिलाई भईरहेको र प्रभावकारी पनि नभएको देखियो । महिलाहरुको मात्र यो समितिमा भने काम समयमै सम्पन्न भयो । यसले महिलाहरु इमान्दार, काममा मेहनति र अवसर दिएमा जस्तो सुकै काम पनि गर्न सक्छन् भन्ने प्रमाणित भएको छ । महिलाहरुको काम प्रतिको लगावले र सशक्तिकरणले गर्दा आगामी दिनहरुमा महिलाहरुलाई नियमित अवसर दिने प्रतिबद्धता गर्दछु"।



# सरकारी श्रोतमा समुदायको पहुँच वृद्धि



सरस्वती समुह शिवालय गाउँपालिका वडा नं ३, सिमामा गठित समूह हो । यो समुह कृषिमा पनि दर्ता भैसकेको छ भने समुदायमा आधारित कार्यसंजाल संस्था पश्चिम जाजरकोट विकास समाजमा पनि आवद्ध छ । यो समूहले गत वर्ष जस्तै यस वर्ष पनि शिवालय गाउँपालिकाको कृषि शाखावाट ५० प्रतिशत अनुदानमा गहुको विउ प्राप्त गरी सरकारी श्रोत माथीको पहुँच वृद्धिमा निरन्तरता पाएको छ । गहुँको विउ प्रवर्द्धनका लागी शिवालय गाउँपालिकाले वर्षेनी गहुँको विउ वितरण गर्दै आईरहेको छ । सो विउलाई समूहका १८ जनामा वितरण गरी गहुँबाली लगाएका छन ।

सरस्वती समूह मात्र होईन, शिवालय गाउँपालिका वडा नं ५ थालामा गठित समाज कल्याण समूह र जनजागरण समूहले पनि अदुवाको पकेट क्षेत्र भनेर अदुवाको विउ प्राप्त गरि दुवै समुहका ३७ जनाले अदुवा खेती लगाएका छन ।

सरस्वती समूह र चन्द्रसुर्य समुहले पनि ५० प्रतिशत अनुदानमा प्याजको विउ पाई लगाएका छन । श्रोत प्राप्त गर्ने क्रममै शिवालय गाउँपालिकाको कृषि शाखा र ए.एस.डी.पी संस्थाको सहकार्यमा संचालित कार्यक्रमवाट यस पालिकाको वडा नं १



हिमाली समूह र परिवर्तन समुहले पनि उन्नत जातको २ वटा बोका पाएका छन ।

चन्द्रसुर्य समूहका ३० घरपरिवारले व्यवसायिक तरकारी खेतीका लागि तरकारीको पकेट क्षेत्र मानेर तरकारीको विउ प्राप्त गरेका छन । यो विउ गाउँपालिकाको कृषि शाखाबाट प्राप्त भएको हो । यो समुह मात्र होईन, अन्य ८ वटा समूहले पनि अनुदानमा विउ पाएका छन । चन्द्रसुर्य समूहले पनि ५० प्रतिशत अनुदानमा गहुको विउ प्राप्त गरी सरकारी श्रोत माथीको पहुँच वृद्धि गरेको छ ।



यस शिवालय गाउँपालिकामा गठित यि समूहहरु सहकर्मी समाजको सहजीकरणमा अभ्युदय भएका सामुदायिक समूहहरु हुन । सरकारी श्रोतमा पहुँच बृद्धिका लागि सामुदायिक समूहहरुको क्षमता विकासमा सुशासनमा नागरिक सहभागिता कार्यक्रम मार्फत वेलावेलामा जनप्रतिनिधि र समुह सदस्य विच तथा सरकारका कर्मचारी र समूहका सदस्यहरुवीच सरकारका नीतिकार्यक्रम, वजेट, योजना एवं विविध सेवा सुविधाको वारेमा अन्तरकृया गर्ने, छलफल गर्ने, कार्यशाला चलाउने, तालिम दिने, हक र अधिकारको वारेमा सचेत पार्ने, एकआपसमा सूचनाहरुको प्रवाह गर्ने जस्ता कृयाकलापहरु संचालन गरिएको थियो । यी गतिविधिहरुबाट सर्वपक्षिय सरोकारवालाहरुको क्षमता विकास भई सुशासन प्रवर्द्धन तथा स्थानिय समुदायको श्रोत साधन माथीको पहुँचमा वृद्धि भएको हो । स्थानिय समुदायको चेतना अभिवृद्धि र सक्रियताले पनि श्रोत साधन माथीको पहुँचमा वृद्धि भएको हो ।

# आफ्ना कुरा राख्दै सिप सिक्दै



सोही छलफल अनुसार दार्मा गाँउ पालिकाले २०७७ चैत्र ६ गते देखि २०७८ जेष्ठ ३ गतेसम्म संचालन गरेको ऊनको सल बुनाई सिप विकास तालिममा सहभागी भई सिप सिक्ने अवसर प्राप्त भयो। तालिम पश्चात मैले विभिन्न प्रकारका ऊनका सल तयार गरी स्थानीय वजारमा र स्थानीय सरकारको गाँउ सभा, स्थानीय मेलामा गरी ५६ वटा सल विक्रिवितरण गरे। आफैले तयार गरी विक्रि वितरण गर्न पाउदा र अलिकति भएपनि आर्थिक आम्दानी गर्न पाउँदा असाध्यै खुशी लागेको छ। घरपरिवारमा आर्थिक संलकन हुन थालेपछि परिवारमा बालबालिकालाई विद्यालय पठनपाठन गर्न र घरखर्च संचालन गर्न सहज भएको छ।

दलित विकास समाजले सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत २०७६ सालमा दार्मा गाँउपालिका वडा नं. ६, गोठिवन वस्तीमा गोठीवन सामुदायिक समूह गठन गर्‍यो। समूह गठन पश्चात बल्ल मासिक बैठक बस्ने र विभिन्न विषयमा छलफल गर्ने, मासिक बचत गर्ने बानीको विकास भयो। एक्लै कुनै पनि काम गर्न हामीलाई गाह्रो हुने र सामुदायिक समूह मार्फत सहज हुने जानकारी छलफलबाट प्राप्त भयो। छलफलमा स्थानीय सरकारले नागरिकका लागि गर्ने गतिविधिहरुको बारेमा र नागरिकको अधिकारको बारेमा पनि चर्चा भयो। यसबाट नागरिकले पाउने सुविधा, नागरिकका सूचना र विभिन्न सेवा प्राप्त गर्दा अपनाइने प्रकृयाको बारेमा जानकारी प्राप्त भयो।

जानकारी प्राप्तपछि हाम्रो गोठिवन सामुदायिक समूहका सदस्यहरुले वडा कार्यालय र गाँउपालिकाको कार्यालयमा महिलाका लागि के सेवा सुविधा वा महिलाको रोजगारको निम्ति के कस्ता कार्यक्रम छन् भनि प्रश्न गऱ्यौ। यस सोधखोजपछि वडा अध्यक्ष दुर्गा मल्ल र गाँउपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत अमृत खड्काद्धारा यस वर्ष महिलाका निम्ति महिला स्वरोजगार कार्यक्रम अन्तर्गत ऊनको सल बुन्ने कार्यक्रम रहेको जानकारी पाइयो। हाम्रो समूहबाट को तालिममा जाने भन्ने छलफल गरी ३ जना सदस्यहरु म पवित्रा वि.क., सिता शाही र भिमा के.सी. सहभागी हुने निर्णय भयो।

सुशासनमा नागरिक सहभागिता कार्यक्रमको छलफलहरुबाट मैले आफ्नो अधिकार र कर्तब्य बारे धैरै बुझे र स्थानीय सरकारसँग कुरा गर्नसक्ने भएकी छु। यदी स्थानिय तहको वडा कार्यालय र गाँउपालिकाको कार्यालयमा पुगेर आफ्नो अधिकार खोजी नगरेको भए हाम्रो समूहका म सहित अन्य २ जना सिता शाही र भिमा के.सी.ले पनि यो अवसरबाट बञ्चित हुने थिए। अबका दिनमा दार्मा गाँउपालिकाको स्थानीय सरकार र दलित विकास समाजलाई हाम्रो ऊनको सलको लागि बजारीकरणमा सहयोग गरिदिनहुन हार्दिक अनुरोध गर्दछु।



# सामुदायिक छलफलले सामाजिक विभेदमा कमी



सामुहिक रुपमा बैठक बस्न नमान्ने, पानी भर्दा पधेरो छुन नमिल्ने, पालो कुर्नुपर्ने, प्राप्त सूचनाहरुको जानकारी एक अर्कालाई नदिने दलित तथा गैर दलित समुदायका मानिसहरु आजभोलि मिलेर बैठक बस्ने, पानी भर्ने र सुचनाहरुको आदान प्रदान गर्ने गर्न थालेका छन् ।

खाँडाचक्र नगरपालिका वडा नं. २, पोरीपाली गाउँमा दलित र गैर दलित समुदायका मानिसहरुको बसोबास रहेको छ । २०७६ बैशाखमा सहकर्मी समाजको सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तरगत सालडाँडा समूहको गठन भयो जसमा १ पुरुष र २५ महिला गरी २६ जनाको सहभागिता रहेको छ ।

सुरुका दिनमा बैठकमा गएपनि छुट्टाछुट्टै बसाई मिलाउने, कार्यक्रममा उपलब्ध नास्ता सँगै बसेर नखाने, गाउँमा दलित गैर दलितहरु एकै ठाउँमा नबस्ने, सूचनाहरु जानकारी नगराउने, एक अर्कामा शंका गर्ने, पधँरोमा पानी भर्न पालो कुर्नुपर्ने, धारो छुन नमिल्ने कुरा बताउनु हुन्छ समूह सदस्य कला वि.क । यस सवाललाई लिएर समूहको वैठकमा धेरै छलफल भयो र अबका दिनमा कुनै छुवाछुत र विभेद नगर्ने, दलित गैरदलित सबैको एउटै समूह बनाउने र एकआपसमा सहयोग गर्ने सहमति भयो ।

यसलाई सबैले व्यवहारीक रुपमा पनि लागु गर्ने निर्णय समूहले गर्‍यो । फलस्वरुप छोटो समयमै परिवर्तन देखिन थाल्यो । एक अर्कोलाई आदर गर्ने, उपभोक्ता समितिहरु पनि समान सहभागिता गराएर गठन गर्ने, कार्यक्रममा पनि सहभागि हुदा मिलेर जाने, सामूहिक काममा एक अर्कोलाई सहयोग गर्ने, बैठकमा पनि मिलेर बस्ने, कार्यक्रममा प्राप्त नास्ता सँगै बसेर खाने वातावरण बन्यो भन्छिन् समूह सदस्य जाना वि.क ।

कुनै समय गाउँमा दुबै टोलका मानिसहरुलाई एकै ठाउँमा बसालेर समूह गठन गरी बैठक बसाल्न चुनौति रहेको अवस्थामा अहिले बिवाह, भोज भतेर, मर्दा पर्दा एक अर्कोको गाउँमा सहयोग गर्ने, समुदायका समस्याहरु पहिचान गरि वडामा योजना प्रस्ताव गरेको र वडाले पनि यस आर्थिक वर्षमा जातिय छुवाछुत, महिला हिंसा न्यूनिकरण, बालविवाह न्यूनिकरण गर्न जनचेतनामुलक कार्यक्रमका लागि रु ५० हजार छुट्याएको कुरा बताउनु हुन्छ समूह सचिव रत्न ब.मल्ल ।



# व्यवसायबाट परिवर्तनको सुरुवात

मेरो नाम पूर्णा डाँगी हो। म सल्यान जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ५, सिम्के लिसेखोला बस्दै आएकी छु। मेरो घरमा श्रीमान र एक छोरी गरी जम्मा ३ जनाको परिवार छ। मेरो परिवार आर्थिक रुपले विपन्न भएकै कारण मैले पशुप्राविधिक सम्मको शिक्षा प्राप्त गरेपनि बेरोजगार बस्दै आएको थिए। घरव्यवहार चलाउनका निम्ति श्रीमान भारतमा कमाउन जाने र मैले घरायसी कामकाज गर्दै जीविका चलाउँदै आएकी थिए।

दलित विकास समाज सुशासनमा नागरिक सहभागिता कार्यक्रम अन्तर्गत २०७६ साउन ६ गते त्रिवेणी सामुदायिक समूह गठन गर्न गरेको भेलाले मलाई संयोजकको रुपमा छनौट गरेपछि मैले यस समूहको कसरी अगुवाई गर्ने होला भन्ने डर लागेको थियो। तर समूहमा समय-समयमा भएका विभिन्न किसिमका छलफल र तालिमले मलाई आजकाल निर्धक्कसँग बोल्न र कार्यक्रमहरु चलाउन समेत सक्षम बनाएको छ।

युवा स्वरोजगार कार्यक्रमको लागि युवा उद्यमशिलता तालिमको लागि मेरो आर्थिक अवस्था समेतलाई विचार गरेर समूहले छनौट गरेपछि उक्त तालिम लिएर मैले उद्यमशिलता बारेमा धेरै कुरा सिक्ने अवसर पाएं। उक्त तालिम लिईसकेपछि मैले गरिबीलाई हटाउन र सामान्य जीविका चलाउन सहज होस् भन्ने अभिप्रायले पशु भेटेनरी पसल खोल्ने ब्यवसायिक योजना बनाए। तर सानै पसल सुरु गर्न पनि मसंग आवश्यक रकम थिएन।

दलित विकास समाजबाट मलाई उद्यम गर्नका लागि प्राप्त भएको ३६ हजार रुपैयाँ र गाउँघरबाट ऋण वापत २० हजार लिएर जम्मा ५६ हजारबाट गाउँमै पशु भेटेनरी पसल सुरु गरेकी छु। अहिले बिहानै उठेर घरको काम सकेपछि पसल खोल्ने गरेकी छु र यहीँ व्यवसायबाट दैनिक खर्च सजिलै चलाउन सक्ने भएकी छु। पढे पनि आर्थिक विपन्नताको कारण बेरोजगार बसिरहेकी थिए। सुशासनमा नागरिक सहभागिता कार्यक्रमको धेरै छलफल र बैठकहरुबाट मैले आफ्नो अधिकार र कर्तब्य बारे बुझे र स्थानीय सरकारसँग कुरा गर्न सक्ने भएकी छु। स्थानीय सरकारसँग मेरो ब्यवसाय संचालनमा सहयोग गर्न अनुरोध पनि गरेको छु र आगामी वर्षमा सहयोग गर्ने जानकारी पनि दिनु भएको छ।



# बालबिवाह विरुद्ध सुनिता

*'जब म जस्तै कम उमेरका मेरा साथीहरु र वहिनीहरू स्कूल छोडेर बिहे गरेको देख्छु, सुन्छु, मलाइ निकै चिन्ता लाग्छ । म विगत ३-४ बर्ष देखि मेरो लागी आउने बिहेको प्रस्तावहरू अस्वीकार गर्दै आइरहेकी छु । मलाइ गर्व छ कि मैले १२ कक्षा सफलतापूर्वक पूरा गरेको छु र थप पढ्न चाहन्छु । दुख लाग्छ नजिकै कुनै कलेजहरु छैनन् र बाहीर बसेर पढ्नका लागि बुबा आमालाइ मनाउन सकेकी छैन ।'*

मेरो नाम सुनिता थापा हो, म २१ वर्षकी भए र म मेरो आमा बुबासंग शिवालय गाउँपालिका ३ मा बस्छु । कृषि हाम्रो परिवारको जीविकोपार्जनको प्रमुख माध्यम हो । मेरो मात्र हैन, मेरो गाउँमा लगभग सबै मानिसहरूको प्रमुख पेशा किसानी नै हो । हाम्रो गाउँमा लगभग ७६-७७ घरहरु छन । जसमा २० वर्ष पुगेर विहे नगरेका हामी २-३ जना मात्र छौं । हाम्रो समाज बिश्वास गर्दछ कि केटीहरु बाहिर जानु हुँदैन, घरमा बस्नु पर्छ र घरको जिम्मेवारीको ख्याल राख्नु पर्छ ।

जब म स्कुलमा थिएँ, म एउटा बाल क्लबको सदस्य भएको थिएँ जहाँ मैले बाल अधिकारसंगै केटीहरु को लागि के सही छ र के गलत छ भन्ने थाहा पाए । तर म धेरै लजालु र अन्तर्मुखी थिएँ, म समूह वा अरुसंग मेरो विचार र गतिविधिहरुलाई उजागर गर्न सक्दिनथे ।

२०७५ सालमा, हाम्रो गाउँमा सहकर्मी समाजद्वारा एउटा समूह गठन भएको थियो जहाँ प्राय महिलाहरु र अन्य मानिसहरु त्यहाँ जान्थे र समाजका ज्वलन्त मुद्दाहरुमा छलफल गर्थे, सबैले आफ्नो दृष्टिकोण राख्थे, योजनाहरुमा काम गर्थे । समाधानका लागि पनि सँगै मिलेर काम गर्थे । यसले मलाई छलफलमा भाग लिनको लागि आकर्षित गर्यो । म पनि समूह छलफलमा भाग लिन थाले । केहि समयपछि मैले यो समूहबाट वकालत प्रशिक्षण र युवा सम्बन्धी कार्यशालाहरुमा भाग लिने मौका पाएँ ।

सहकर्मी समाजद्वारा समूह छलफल तथा अन्य छलफलमा सबै सहभागीलाई समान रूपमा सम्मानका साथ आफ्ना विचार राख्ने र उक्त विचारको उचित सम्मान हुने वातावरण हुन्छ जुन हामी जस्तै सीमान्तकृत मानिसहरुलाई परिवर्तन गर्नको लागि एक महान अभ्यास हो जस्तो मलाइ लाग्छ । तालिममा प्रयोग भएका विभिन्न अभ्यासबाट मेरो लाज मात्र हटेन कि रचनात्मकता समेत बढेको महशुस भयो । मेरो आत्मबल बढ्यो । गत वर्ष म महिला दिवसको अवसरमा एक भाषण प्रतियोगितामा चौथो भएको थिएँ, यस बर्ष म पहिलो भए ।

तीज पर्वको अवसरमा बालविवाह विरुद्ध वडामा एक वक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो, मैले त्यहाँ पनि पहिलो पुरस्कार पाएँ । यो मेरो लागि एक प्रेरणादायक र महान अनुभव थियो ।

सहकर्मीकै सहजीकरण र वडा कार्यालयको अगुवाइमा भएको वडास्तरिय युवा क्लबमा मलाइ अध्यक्षको लागि दाबेदार बन्ने उत्प्रेरणा मिल्यो र गत वर्षदेखि म एक वडास्तरीय युवा क्लबको अध्यक्ष पनि हुं । यतिसम्म भइसक्दा अब मैले बिहे नगर्ने, मेरो पढाई जारी राख्ने र यस्तै सामाजिक गतिविधि मार्फत वालविवाह न्युनिकरणमा काम गर्ने निश्चय गरीसकेकी थिए ।

समाजमा भएका किशोरीहरूलाई उनीहरुको शिक्षाको लागी प्रेरित गर्नु र बालविवाह हुनबाट जोगाउनु मेरो जिम्मेवारी बन्न पुगेको छ । मेरो आमा र दाइले मलाइ बुझ्न थाल्नुभएको छ । दाइले रोजगारी भयो भने मलाइ बाहिर बसेर पढ्नका लागि सहयोग गर्ने बाचा गर्नुभएको छ । यदि त्यसो भएन भने पनि यस्तै सामाजिक क्षेत्रमा काम गरेर भएपनि अध्ययनलाई निरन्तरता दिइ आफ्नै खुट्टामा उभीएर मात्र विवाह गर्ने मेरो लक्ष्यलाई मेरा बुबाले पनि बुझ्नुहुनेछ र मलाई समर्थन गर्नुहुनेछ र मेरो सपना साकार हुनेछ भन्ने आशा छ ।



# जनबोली

"हामीलाई पहिला पहिला आफ्नो परिचय दिन पनि अफ्ठ्यारो लाग्थ्यो । अहिले हामी आफ्नो आवाज समुदायको छलफल देखि पालिकास्तरको बैठकसम्म उठाउन सक्ने भएका छौं । हाम्रो सिद्धकुमाख गाउँपालिकाले चालू आर्थिक वर्षमा हामीले पेश गरेका पाँच प्रस्तावहरु मध्ये तीनवटालाई बार्षिक योजनामा समावेश गरेको छ । आजकाल पालिका र समुदाय बीचको सम्बन्ध सुदृढ रहदै आएको छ" ।

**प्रतिमा मगर, कोषाध्यक्ष**
**फूलबारी बहुउद्देश्यीय सामुदायिक समुह**
**सिद्धकुमाख-३ डाँडाकटेरी, सल्यान**





"शुरुशुरुमा मलाई यो परियोजनाले स्थानीय सरकार र नागरिक बीच द्वन्द्ध निम्त्याउँछ जस्तो लागको थियो तर त्यो सोचको ठीक विपरीत अहिले मैले के महशुस गरेको छु भने यसले हामी दुई पक्षबीच सम्बन्ध सुमधुर बनाउनको लागि सहयोगी भूमिका खेलेको छ ।"

**चित्र बहादुर चलाउने, गाउँपालिका अध्यक्ष**
**सिद्धकुमाख गाउँपालिका, सल्यान**

"दलित महिलाहरुमा बोल्न सक्छु भन्ने क्षमता हुने तर बाहिर बोल्न नसक्नेहरुको लागि कसरी नेतृत्व विकास गर्ने भन्ने बारे धेरै कुराहरु नेतृत्व विकास तालिमले सिकायो । हाम्रो ठाँउमा दलित महिलामा अलिकति पढे लेखेको नै म हो तर म आफै बोल्न सक्दैनथे, आजै यस तालिममा आएर बोल्ने आँट आएको छ "।

**पुष्पा सुनार, दलित महिला सदस्य**
**दार्मा-६, सल्यान**






"कसरी योजनाहरु दिने, कति समयमा योजनाहरु आउँछन् र पास हुन्छन् भन्ने कुराहरुलाई ध्यान दिनु पर्ने कुरा लैङ्गिक उत्तरदायी बजेट र समावेशी योजना तर्जूमा गोष्ठि तथा नेतृत्व विकास तालिमबाट सिकियो । हामीलाई जनताले नेतृत्व गरी यहाँसम्म पुऱ्याउनु भएको छ । जनताका कुरा कसरी पुरा गरिदिने भन्ने कुरामा हामी लाग्न पर्दछ र यो तालिमले त्यो ज्ञानसिप दियो" ।

**आस्था तिरुवा, दलित महिला सदस्य**
**सान्नी त्रिवेणी-९, कालिकोट**



"संघीय शासन प्रणाली कार्यान्वयको जिम्मेवारी हामी सबैका लागी नयां हो । संविधानको मर्म अनुरुप पूर्ण रुपमा काम गर्न अझैपनि सकिरहेको अवस्था छैन र जसका लागी आवस्यक पर्याप्त ज्ञानसिपको अभाव पनि रहेको छ । हामी समावेशि, सहभागीतामूलक, परिवेश सान्दर्भीक र जनताको वास्तविक जीवनलाई रुपान्तरण गर्ने खालका नीति र कार्यक्रमहरु निर्माण गर्ने कुरामा प्रतिबद्धताका साथ लागिरहेका छौं ।

संसदीय समितिहरुलाई सक्रिय बनाउन, वस्तुगत नीति, कानून बनाउन, आम जनताका भावनाहरुलाई प्रतिविम्बित हुने गरि काम गर्न सरकार र सदन दुवै प्रयासरत छ । हाम्रो अभियानलाई सफल पार्न नागरिक, सरोकारवाला, हामी नीति निर्माणकर्ता र कार्यान्वियनकर्ताहरुलाई आवश्यक तालिम, अन्तक्रिया र छलफलमा सहभागी गराई विशेष गरि समावेशिता, सुशासन र जवाफदेहीताका सुनिश्चित गराउने कुरामा सहकर्मी समाजको सक्रियता उल्लेखनीय छ । हामी सबैको सहकार्य र सामुहिक प्रयासले हाम्रो लक्ष्य चाडै प्राप्त हुने कुरामा म विश्वस्त छु "।

**माननीय सीता नेपाली, मन्त्रि**
**आन्तरिक मामीला तथा कानून, कर्णाली प्रदेश**

"दलित विकास समाजले दार्मा गाउँपालिकामा संचालन गरेको नागरिक केन्द्रित विकास अवधारण कार्यशाला, स्थानीय सरकारका जवाफदेही संयन्त्र र स्थानीय सरकारका सेवा सुविधालाई नागरिकसम्म पारदर्शि, जवाफदेही, गुणस्तरीय रुपमा पुऱ्याउन गरेका गतिविधिहरूले जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सहयोग पुऱ्याएको महसुस गरेको छु ।

स्थानीय नागरिकहरूले पहिले भन्दा अहिले आफ्ना अधिकारहरू दावी गर्न बढी फोन गर्ने र गाउँपालिकामा आई हाम्रा निम्ति स्थानीय सरकारमा के कस्ता कार्यक्रम तथा सेवा सुविधा छन्, ति हामिले कसरी प्राप्त गर्न सक्छौं भन्ने, खोजी गर्ने र आधिकार दावि गर्न सक्ने यो कार्यक्रमले बनाएको छ भन्ने लागेको छ ।

दलित विकास समाजको यो कार्यक्रमले समुदायको पिधमा रहेका नागरिहरूसम्म गई नागरिकलाई सचेत बनाएको छ । जसले गर्दा स्थानीय तहमा नागरिक, स्थानीय सरकार र कर्मचारीहरूवीच बलियो सम्बन्ध स्थापित भई पारदर्शि, जवाफदेही र उत्तरदायी बृद्धी भई स्थानीय सुशासनमा टेवा पुऱ्याएको छ" ।

**निम बहादुर के.सी. (अरुण)**, अध्यक्ष
**दार्मा गाउँपालिका, सल्यान**

